## नेपाली विषय

### १. सन्दर्भ

भाषा शिक्षण सिकाइका विभिन्न पक्ष हुन्छन् । शिक्षण र सिकाइमा यसका आन्तरिक र बाह्य पक्षले प्रभाव पारेको हुन्छ । यहाँ कोभिड तथा अन्य विपत्का कारणले नेपाली भाषाको सिकाइ उपलब्धिमा क्षति पुगेको हुन सक्छ । सिकाइ आपूरणका लागि पाठ्यक्रमले तोकेका तहगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिलाई आधार मानी सिकाइका न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नमा जोड दिइएको छ । नेपाली भाषामा भाषिक सिपको विकास गर्न सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास अपेक्षित ठानिन्छ । सुनाइ र बोलाइ सिप अनौपचारिक रूपमा पनि हासिल हुन सक्ने सिप हुन् । औपचारिक शिक्षण सिकाइका लागि पढाइ र लेखाइ सिप बढी आवश्यक मानिन्छन् । विपत्का कारण विद्यालयको पठनपाठन नियमित सञ्चालन हुन नसकेका कारण यी सिपको विकासमा बढी क्षति पुगेको छ । यसकारण सुनाइ, पढाइ र लेखाइ सिपका न्यूनतम सिकाइ उपलब्धि निम्नानुसार तय गरिएको छ ।

### २. भाषिक विषयवस्तुको क्षेत्र र सिकाइ उपलब्धि

कक्षागत सिकाइ क्षति आपूरणका लागि न्यूनतम सिकाइ उपलब्धि पहिचानको ढाँचा विकास गरिएको छ । यसमा पाठ्यक्रममा निर्धारित भाषिक सिपगत सिकाइ उपलब्धिलाई समेत विशेष ख्याल गरी प्रश्न निर्माणका विषयक्षेत्र र उपलब्धि निर्धारण गरिएको छ । सिकाइ आपूरणका लागि कक्षा ३ देखि कक्षा ८ सम्मका लागि निर्धारित विषयक्षेत्र, न्यूनतम सिकाइ उपलब्धि, सिकाइ उपलब्धि भएका कक्षा र परीक्षण गर्ने कक्षा निम्नानुसार छन् :

२ (क) प्रश्न निर्माणका विषयक्षेत्र र न्यूनतम सिकाइ उपलब्धि

| क्र. स. | प्रश्न निर्माणका विषयक्षेत्र | न्यूनतम सिकाइ उपलब्धि (पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार) | सिकाइ उपलब्धि भएका कक्षा | परीक्षण गर्ने कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | **वर्ण र मात्रा पहिचान** | अरूले भनेका शब्द सुनी ध्वनि पहिचान गर्न | १ र २ | ✓ | ✓ | × | × | × | × |
| २ | **शब्द पहिचान** | उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको प्रयोग गरी भाषिक सञ्चार गर्न | २ र ३ | ✓ | ✓ | × | × | × | × |
| ३ | **वाक्य पहिचान** | वर्णविन्यास, निर्धारित लेख्यचिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न | २ देखि ६ | ✓ | ✓ | ✓ | ✓ | × | × |
| ४ | **शब्द र अर्थ पहिचान** | पाठका प्रयुक्त शब्दको अर्थ बताउन | २ देखि ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ५ | **अनुलेखन** | लेख्यचिह्न र हिज्जे मिलाई शुद्धसँग वाक्य र अनुच्छेदको अनुलेखन गर्न | २ देखि ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ६ | **श्रुतिलेखन** | शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न | २ देखि ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ७ | **पठनबोध** | विषयवस्तुको व्याख्या र विश्लेषण गर्ने गरी पढ्न | २ देखि ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ८ | **दृश्यबोध/ चित्र वर्णन** | वस्तु, व्यक्ति, चित्र, अनुभव, स्थान र घटनाको वर्णन गर्न | १ देखि ८ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ९ | **निमन्त्रणा पत्र/सूचना/** | संरचना बोध गरी व्यावहारिक रचना तयार गर्न | ४ देखि ८ | × | × | ✓ | ✓ | ✓ | ✓ |

| क्र. स. | प्रश्न निर्माणका विषयक्षेत्र | न्यूनतम सिकाइ उपलब्धि (पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार) | सिकाइ उपलब्धि भएका कक्षा | परीक्षण गर्ने कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | **बधाई/ समवेदना/ शुभकामना** | | | | | | | | |
| १० | **निर्देशित लेखन** | विषयवस्तुमा आधारित भई निर्देशित लेखन गर्न | ४ देखि ८ | ✗ | ✗ | ✓ | ✓ | ✓ | ✓ |
| ११ | **स्वतन्त्र लेखन** | विषयवस्तुमा आधारित भई स्वतन्त्र रचना गर्न | ६ र ८ | ✗ | ✗ | ✗ | ✗ | ✓ | ✓ |

## ३. भाषिक विषयक्षेत्रको विस्तृतीकरण र समानान्तर प्रश्न निर्माणका लागि मार्गदर्शन

यस खण्डमा कुन कक्षामा कुन विषयक्षेत्रबाट प्रश्न विकास गरी मूल्याङ्कन गर्ने सम्बन्धमा जानकारी दिइएको छ। साथै विषयक्षेत्रको विस्तृतीकरण पनि गरिएको छ। दिइएका आधारमा रही शिक्षकले प्रश्नपत्र विकास गर्नुपर्ने छ।

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| १.वर्ण र मात्रा पहिचान | मात्रा नलागेका शब्द, मात्रा लागेका शब्द, संयुक्त वर्ण प्रयोग भएका शब्द, चन्द्रबिन्दु र शिरबिन्दु प्रयोग भएका चार अक्षरका चारओटा शब्द शिक्षकले पढेर सुनाउने र ती शब्दको सुरुमा रहेका वर्ण पहिचान गर्न लगाउने | मात्रा नलागेका शब्द, मात्रा लागेका शब्द, संयुक्त वर्ण प्रयोग भएका शब्द, चन्द्रबिन्दु र शिरबिन्दु प्रयोग भएका चार अक्षरका चारओटा शब्द शिक्षकले पढेर सुनाउने र ती शब्दको सुरुमा रहेका वर्ण पहिचान गर्न लगाउने | | | | | ४ |

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| **२.शब्द पहिचान** | शिक्षकले सग्ला अक्षर (दुई अक्षर), मात्रा लागेका अक्षर (दुई अक्षर), आधा अक्षर प्रयोग भएका (दुई अक्षर) र संयुक्त अक्षर प्रयोग भएका एक एकओटा गरी जम्मा चारओटा शब्द दिई शिक्षकले उच्चारण गरेका शब्द पहिचान गर्न लगाउने | शिक्षकले सग्ला अक्षर (तीन अक्षर), मात्रा लागेका अक्षर (तीन अक्षर), आधा अक्षर प्रयोग भएका (तीन अक्षर), र संयुक्त अक्षर (तीन अक्षर), प्रयोग भएका एक एकओटा गरी जम्मा चारओटा शब्द दिई शिक्षकले उच्चारण गरेका शब्द पहिचान गर्न लगाउने | | | | | ४ |
| **३. वाक्य पहिचान** | उस्तै उस्तै प्रकृतिका चारओटा वाक्य विकल्पका रूपमा दिई कुनै एक वाक्य शिक्षकले विद्यार्थीलाई सुनाउने र शिक्षकले वाचन गरेको वाक्य पहिचान गर्न लगाउने (यस्तै प्रकृतिका चारओटा प्रश्न दिने) | उस्तै उस्तै प्रकृतिका चारओटा वाक्य विकल्पका रूपमा दिई कुनै एक वाक्य शिक्षकले विद्यार्थीलाई सुनाउने र शिक्षकले वाचन गरेको वाक्य पहिचान गर्न लगाउने (यस्तै प्रकृतिका चारओटा प्रश्न दिने) | उस्तै उस्तै प्रकृतिका चारओटा वाक्य विकल्पका रूपमा दिई कुनै एक वाक्य शिक्षकले विद्यार्थीलाई सुनाउने र शिक्षकले वाचन गरेको वाक्य पहिचान गर्न लगाउने (यस्तै प्रकृतिका चारओटा प्रश्न दिने) | उस्तै उस्तै प्रकृतिका चारओटा वाक्य विकल्पका रूपमा दिई कुनै एक वाक्य शिक्षकले विद्यार्थीलाई सुनाउने र शिक्षकले वाचन गरेको | | | ४ |

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | वाक्य पहिचान गर्न लगाउने ( यस्तै प्रकृतिका चारओटा प्रश्न दिने) | | | |
| **४. शब्द र अर्थ** | पाठ्यपुस्तकमा प्रयोग भएका चारओटा शब्दका अर्थ पहिचान गर्न लगाउने | पाठ्यपुस्तकमा प्रयोग भएका चारओटा शब्दको अर्थ पहिचान गर्न लगाउने | पाठ्यपुस्तकमा प्रयुक्त चारओटा शब्द दिई तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउने | पाठ्यपुस्तकमा प्रयुक्त चारओटा शब्द दिई तालिकाबाट अर्थ पहिचान गरी लेख्न लगाउने | पाठ्यपुस्तकमा प्रयुक्त चारओटा शब्द तालिकामा (मौलिक ३ ओटा र आगन्तुक १ ओटा) दिई तिनको अर्थ लेख्न लगाउने वा अर्थ दिई शब्द लेख्न लगाउने | पाठ्यपुस्तकमा प्रयुक्त चारओटा शब्द तालिकामा ( मौलिक ३ ओटा र आगन्तुक १ ओटा) दिई तिनको अर्थ लेख्न लगाउने वा अर्थ दिई शब्द लेख्न लगाउने | २ |
| **५.अनुलेखन** | २० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ३० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ४० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ५० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ६० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ७० शब्दसम्मको एउटा अनुच्छेद दिई विद्यार्थीलाई उक्त अनुच्छेद अनुलेखन गराउने | ४ |

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| **६. श्रुतिलेखन** | शिक्षकले सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर भएका र संयुक्त अक्षर भएका (दुई दुई अक्षरले बनेका) ४ ओटा शब्द सुनाउने र ती शब्द सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर भएका र संयुक्त अक्षर भएका ( तीन तीन अक्षरले बनेका) ४ ओटा शब्द सुनाउने र ती शब्द सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले (सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर र संयुक्त अक्षर भएका शब्द पर्ने गरी) ४ ओटा वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले ( सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर र संयुक्त अक्षर भएका शब्द पर्ने गरी) ४ ओटा वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले (सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर र संयुक्त अक्षर भएका शब्द पर्ने गरी) ४ ओटा वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | शिक्षकले (सग्ला अक्षर भएका, मात्रा लागेका, आधा अक्षर र संयुक्त अक्षर भएका शब्द पर्ने गरी) ४ ओटा वाक्य भन्ने र ती वाक्य सुनी विद्यार्थीलाई शुद्धसित लेख्न लगाउने | ४ |
| **७. पठन बोध** | ४० देखि ४५ शब्दसम्मको अनुच्छेद दिई उक्त अनुच्छेदबाट दुईओटा बहुवैकल्पिक र एउटा बोध प्रश्न गरी तीनओटा प्रश्न सोध्ने | ४५ देखि ५० शब्दसम्मको अनुच्छेद दिई उक्त अनुच्छेदबाट दुईओटा बहुवैकल्पिक र एउटा बोध प्रश्न गरी तीनओटा प्रश्न सोध्ने | ५० देखि ५५ शब्दसम्मको अनुच्छेद दिई ज्ञानबाट १, बोधबाट १ र उच्च दक्षताबाट १ गरी जम्मा तीनओटा प्रश्न सोध्ने | ६० देखि ६५ शब्दसम्मको अनुच्छेद दिई ज्ञानबाट १, बोधबाट १ र उच्च दक्षताबाट १ गरी जम्मा तीनओटा प्रश्न सोध्ने | ७० देखि ७५ शब्दसम्मको अनुच्छेद दिई ज्ञानबाट १, बोधबाट १ र उच्च दक्षताबाट १ गरी जम्मा तीनओटा प्रश्न सोध्ने | ८० देखि ८५ शब्दसम्मको अनुच्छेद दिई ज्ञानबाट १, बोधबाट १ र उच्च दक्षताबाट १ गरी जम्मा तीनओटा प्रश्न सोध्ने | ३ |

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| **८. दृश्यबोध / चित्र वर्णन** | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | कुनै चित्र दिई चित्रका बारेमा पाँच वाक्यमा लिखित वर्णन गर्न लगाउने | **५** |
| **९. व्यावहारिक लेखन (निमन्त्रणा पत्र/सूचना/ बधाई/ समवेदना / शुभकामना)** | | | निमन्त्रणा पत्र/सूचना/ बधाई/ समवेदना/ शुभकामनामध्ये कुनै एकको नमुना दिई त्यस्तै प्रकृतिको अर्को नमुना तयार गर्न लगाउने | निमन्त्रणा पत्र/सूचना/ बधाई/ समवेदना/ शुभकामनामध्ये कुनै एकको नमुना दिई त्यस्तै प्रकृतिको अर्को नमुना तयार गर्न लगाउने | निमन्त्रणा पत्र/सूचना/ बधाई/ समवेदना/ शुभकामनामध्ये कुनै एकको नमुना दिई त्यस्तै प्रकृतिको अर्को नमुना तयार गर्न लगाउने | निमन्त्रणा पत्र/सूचना/ बधाई/ समवेदना/ शुभकामनामध्ये कुनै एकको नमुना दिई त्यस्तै प्रकृतिको अर्को नमुना तयार गर्न लगाउने | **३** |
| **१०. निर्देशित लेखन** | | | कुनै कथा, जीवनीमध्ये कुनै एक विधाका उपयुक्त बुँदा दिई उक्त बुँदाका आधारमा कथा, जीवनी तयार गर्न लगाउने वा संवादको अंश दिई संवाद पूरा गर्न लगाउने | कुनै कथा, जीवनीमध्ये कुनै एक विधाका उपयुक्त बुँदा दिई उक्त बुँदाका आधारमा कथा, जीवनी | कुनै कथा, जीवनीमध्ये कुनै एक विधाका उपयुक्त बुँदा दिई उक्त बुँदाका आधारमा कथा, जीवनी तयार गर्न लगाउने वा | कुनै कथा, जीवनीमध्ये कुनै एक विधाका उपयुक्त बुँदा दिई उक्त बुँदाका आधारमा कथा, जीवनी तयार गर्न लगाउने वा संवादको अंश दिई | कक्षा ५ र ६ का लागि ५ र कक्षा ७ र ८ का लागि ४ |

| विषयक्षेत्र | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | तयार गर्न लगाउने वा संवादको अंश दिई संवाद पूरा गर्न लगाउने | संवादको अंश दिई संवाद पूरा गर्न लगाउने | संवाद पूरा गर्न लगाउने | |
| **११. स्वतन्त्र लेखन** | | | | | कुनै शीर्षक निर्देश गरी १०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने | कुनै शीर्षक निर्देश गरी १२० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने | **५** |